## सम्पादकीय

# दण्डहीनताको अन्त्य होस्

समाजमा अराजकता, आपराधिक मनोवृत्ति, उत्पात र हिंसाका अनेक घटनाक्रम हुने गरेका छन् । जातीय भड्काब गराउने र त्यसैमा आफ्नो स्वार्थ पूरा गर्ने, अपराध कुकर्म गर्ने र अनेक नाममा हिंसा भड्काउनेहरुलाई कानुनी कारबाहीको दायरामा ल्याउन जरुरी छ । यसका लागि दण्डहीनता अन्त्यको खाँचो छ । हिंसाका अनेक रुपमध्ये महिलाविरुद्ध हुने दुर्व्यवहार, अमानवीय यातना र गाली गलौज एकप्रकारको गम्भीर अपराध र महिलाविरुद्धको हिंसा हो । यसप्रकारको हिंसामा सरिक हुने जोसुकैलाई पनि कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ ।


मानसिक र शारीरिक यातनामा परेका, पीडामा परेका महिलालाई न्यायको अनुभूति नभएसम्म परिवर्तनको कुनै अर्थ हुँदैन । आत्महत्या गर्न बाध्य बनाइएका, हत्या गरेर आत्महत्या हो भनिएका र अनेक नाममा पीडामा पारिकालार्य न्याय दिलाउनका लागि पनि वैज्ञानिक अनुसन्धान गरेर दण्डहीनताको अन्त्य गर्नुपर्ने छ । अपराधीले दण्ड नपाउने हो भने त्यसले परिवर्तनलाई सार्थक बनाउँदैन । हरेक प्रकारका हिंसाको अन्त्य भएमात्रै सभ्य समाजको स्थापना हुने हो ।

हिंसा, उत्पात र अपराधले समाजलाई अगाडि बढ्न दिँदैन । समाज रुपान्तरणका बाधक र घातक तत्वलाई बेलैमा नियन्त्रण गर्नका लागि राज्यले दण्डहीनताको अन्त्य गर्न जरुरी छ । जबसम्म अपराध गर्नेले अपराधअनुसारको सजायँ पाउँदैन, तबसम्म यसको समाज सुधारको अभियान प्रभावकारी हुँदैन । संस्कार, सामाजिक मूल्यमान्यता र कानुनकै आधारमा महिलाविरुद्धको हिंसा रोकिएको छैन, कुनै न कुनै रुपमा यो जारी छ । यो विडम्बनापूर्ण र चिन्ताको विषय हो । सभ्य समाज निर्माणमा सबै जुट्नुपर्ने छ ।

नेपालको संविधान, २०७२ को धारा ३८ मा महिलाको हकसम्बन्धी व्यवस्था गरेको भएपनि यसलाई कानुन बनाएर कार्यान्वयन गर्न बाँकी छ । प्रत्येक महिलालाई लैगिंक भेदभावविना समान बंशियहक हुनेछ । प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ भनेर संविधानमा व्यवस्था भएपनि त्यसलाई व्यवहारमा उतार्न बाँकी छ । महिलाविरुद्ध धार्मिक, सामाजिक तथा सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणको अन्त्य नभएसम्म मुलुकको समृद्धि र खुशयाली असम्भव छ ।

पीडकलाई कानुनबमोजिम दण्ड हुने र पीडितलाई न्याय हुने व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्ने छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने र लिंगका आधारमा कुनै पनि विभेद नहुने समाजको खाँचो छ । न्याय सिद्धान्तको आधारमा उल्लेख गरिएका कुराहरुलाई व्यवहारमा प्रयोग र लागू गर्नेतर्फ जिम्मेवार सबैको ध्यान जान सकोस् ।

# नेपालमा आदिवासीको अन्तर्य र जातीय द्वन्द्वको बिउ



दिनेश आचार्य

नेपालमा केही वर्षहरुदेखि सामाजिक, जातीय र क्षेत्रीय सद्भाव तथा सार्वभौमिक अखण्डतामा खलल हुने खालका अनेक चर्चा भइरहेको छ । कुन जाति आदिवासी र कुन अनादिवासी भनेर नियोजित रुपमा द्वन्द्व चर्काउने खेल भइरहेको छ । इतिहासकारहरुका अनुसार नेपालमा हालको नेपाल र त्यस वरिपरिका ठूला एवम् शक्तिशाली पाँच समृद्ध राज्य लामो समयसम्म अस्तित्वमा थिए । विशाल जुम्ला राज्य, विशाल डोटी राज्य (हाल भारतको उत्तराखण्डको कुमाउ गडवालसमेत), काठमाण्डौ उपत्यका र वरिपरिको भूभाग समेटिएको राज्य, मिथिला राज्य (जनकपुरलगायत बिहारको मधुवनी, सितामणिसमेत गरी मैथिली भाषी क्षेत्र) र हाल बारा जिल्ला र वरिपरिको भोजपुरी भाषी सीमावर्ती भारतीय भूभागसमेत समेटिएको सिम्रौनागढ राज्य अस्तित्वमा थिए ।

यी प्रख्यात, सभ्य प्राचीन समकालीन राज्यहरु थिए । अरु स-साना ट्राइबल राज्यहरु पनि अस्तित्वमा थिए । सिमरौनागढ राज्यलाई बङ्गालका सुल्तानले आक्रमण गरेर लुटेपछि त्यहाँका राजा भागेर भक्तपुर गएर शरण लिएर बसे । त्यसपछि विदेशी आक्रमणकारीबाट जिउधन, धर्म, संस्कृतिको रक्षा गर्न एकीकृत, विशाल एवं आर्थिक र सैन्य रुपमा मजबुत राज्यको आवश्यकता महसुस हुन थाल्यो । फलस्वरुप गोरखाका तत्कालीन राजा पृथ्वीनारायण शाहको राज्य एकीकरण गरी विदेशीको उपनिवेश कायम हुनबाट बचाइ धर्म संस्कृति र पहिचानको रक्षा गर्ने अभियानलाई तराईका जनताले सहर्ष स्वीकार गरे । राज्यहरु एकीकृत हुने र विभाजन हुने क्रम चलिनै रह्यो । मानिसहरु राम्रो अवसर र सुरक्षाको खोजीमा पूर्व, पश्चिम, उत्तर, दक्षिण जतातत‍ै बसाइँ सर्न थाले । कुनै पनि ठाउँमा खास जतिको मात्र बाहुल्यता भेटिन कठिन थियो ।

काठमाडौं उपत्यकामा पनि प्राचीन कालमा महिशपाल (भैंसी पालेर गुजारा गर्ने जाति), किराँत, बिहारको बैशालीबाट आएका लिच्छवी, मिथिला क्षेत्रबाट आएका तिरहुतिया आदिले शासन गरेको इतिहासमा पाइन्छ । मध्यकालमा भारतबाट आएका मल्ल राजाहरुले शासन गरे । लिच्छवीकालको शासनलाई नेपालको इतिहासमा 'स्वर्ण युग' मानिएको पाइन्छ ।

तिब्बत र भारतको उत्तरी भूभागतर्फ व्यापार गर्नेहरुबाट नेपालले कर उठाउने गर्दथ्यो । तिब्बतबाट नुन र सुन नेपाली भूभागहुँदै भारततर्फ निकासी हुन्थ्यो । तिब्बतको व्यापारमा नेपाली नेवारहरुको हालीमुहाली थियो । ल्हासाको व्यापार काठमाडौंका नेवारहरुको कब्जामा थियो । तिब्बतबाट कच्चा सुन ल्याएर नेपालमा प्रशोधन गरेबापत ४० प्रतिशत सुन नेपालले लिन्थ्यो । लिच्छवीकालीन राजा अंशुबर्माको कैलाशकूट भवन सुनले बनेको कुरा सातौं शताब्दीमा नेपाललगायत भारत भ्रमण गरेका चिनियाँ यात्री हु एन सानले लेखेको 'यात्रा वृतान्त' मा उल्लेख गरेका छन् । चीन सरकारले उक्त दुर्लभ पुस्तकलाई संरक्षण गरेर राखेको छ । तिब्बतलाई नेपालले पछिल्लो प्राचीनकाल, मध्यकाल र राणाकालमा समेतमा अर्धउपनिवेश बनाएको पाइन्छ । नेपाली मुद्रा नै तिब्ब्तमा चल्दथ्यो । नेपाल र तिब्बतबीच पटक-पटक युद्ध भएर नेपालले जितेको थियो ।

तिब्बतले नेपाललाई वार्षिक रुपमा कर (पछिल्लो सन्धिअनुसार १०,००० रुपैयाँ) बुझाउनु पर्दथ्यो । तिब्बतमाथि कब्जा जमाएपछि चीनले नेपाललाई एकमुष्ठ ६ करोड रकम अनुदान दिएपश्चात् नेपाल-तिब्बत सन्धि खारेज भएको इतिहासमा पाइन्छ । भारतीय इतिहासकारका अनुसार भारतको धेरै भागहरुमा करिब ८०० वर्षसम्म मुस्लिम शासकले शासन गरे । पहिले ५०० वर्ष एवम् केही शताब्दीको अन्तरालपछिको ३०० वर्ष मुगल शासकहरुले शासन गरेका थिए ।

टर्की, इरान, मध्य एसियाबाट अफगानिस्तान, पाकिस्तानहुँदै आएका मुस्लिमले आक्रमण गरेर हिन्दू, बुद्धिष्ट, जैन, जौराष्ट्र, शिख धर्मावलम्बी भएका ती राज्यहरुलाई पराजित गरी शासन गरेर त्यहाँका जनतालाई इस्लाम कबुल बन्न आह्वान गरे । ॐकारवादी जनता एवम् शासकहरु उदार र हिंसामा विश्वास नगर्ने भएकोले मुस्लिम आक्रमणकारीलाई जित्न सजिलो भयो । प्राचीनकालदेखि नै व्यापारीहरु भारतको दक्षिण तटीय क्षेत्रमा उत्पादित मसला (दालचिनी, ल्वाङ, सुकुमेल आदि) अरबी मुलुकमा लैजाने उद्देश्यले आए । उनीहरुले स्थानीय गैर-मुस्लिम महिलासँग विवाह गरे । श्रीमती र सन्तानहरुलाई इस्लाम कबुल गर्न लगाए । त्यसपछि श्रीमतीमार्फत उनका माइती पक्षका मानिसहरुलाई पनि इस्लामीकरण गर्दै गए । विस्तारै पूरा टोल, गाउँसमेतमा इस्लाम फैलिए । मस्जिद



वेद र उपनिषदहरुमा कुनै जात, भेदभाव झल्किने कुराहरुको उल्लेख भएको पाइँदैन । सनातन धर्म कति पुरानो हो भनी कुनै सीमा देखिँदैन । राम ७००० वर्ष पहिले द्वापरयुगमा र कृष्ण ५००० वर्ष पहिले त्रेतायुगमा जन्मेको विश्वास गरिन्छ । इस्लाम धर्म १४०० वर्ष अगाडि साउदी अरेबियाबाट सुरु भएको हो । ख्रिश्चियन धर्म करिब २००० वर्ष अगाडि र बुद्ध धर्म करिब २५६० वर्ष अगाडि सुरु भएको हो । अब को आदिवासी, को अनादिवासी र कुन जाति कहिले, कहाँबाट आए भन्ने सम्बन्धमा विवाद गर्नु जरुरी छैन । विवाद बढाएर निहीत राजनैतिक स्वार्थ पूरा गर्न खोज्ने नेतृत्वभन्दा सामाजिक, जातीय सद्भाव र राष्ट्रिय एकता र अखण्डतामा जोड दिने नेताको खाँचो छ ।

निर्माण गर्न थाले । त्यस्तै दक्षिण भारतको गोवामा पनि ख्रिश्चियन धर्मावलम्बी पोर्चुगालीहरु मसलाको व्यापार गर्न आएर बसे । यिनीहरुले चर्च निर्माण गरेर ख्रिश्चियन घर्मको प्रचार गर्न थाले ।

केरालाको माही भन्ने ठाउँमा व्यापार गर्न फ्रान्सबाट फ्रेन्चहरु आएर बस्न थाले । यिनले पनि ख्रिष्चियन धर्म फैलाउन थाले । त्यसपछि व्यापार गर्न आएका ब्रिटिश इष्ट इण्डिया कम्पनीले ७०० भदा बढी राज्यहरुलाई लडाइँमा जितेर, कसैलाई धम्क्याएर, कसैको सेनापति र राजालाई किनेर विशाल राज्य बनाए । बर्मा (हालको पाकिस्तान) समेत मिलाएर सन् १७५७ मा शक्तिशाली बंगालका नवाफलाई ब्रिटिशले हराएपछि विशाल साम्राज्य बनाए र त्यसको नाम इण्डिया राखे र २०० वर्षसम्म शासन गरे । मुस्लिमहरुले हिन्दू, बौद्ध, शिख, जैन, जौराष्ट्र आदि धर्मावलम्बीहरुलाई आफ्नो धर्मले विस्थापन गर्ने अथक प्रयास गरे । तर ती धर्महरु मासिएन । ब्रिटिशले बलजफ्ती धर्मान्तरण नगरे पनि ख्रिष्चियन धर्मप्रति आकर्षण बढाए ।

जातमा आधारित तत्कालीन हिन्दू सामाजिक संरचनाका कारण कतिपय दलितलाई इस्लाममा आकर्षित गरी धर्मान्तरण गर्न सहज भयो । भारतका ८० प्रतिशतभन्दा बढी मुस्लिमहरु हिन्दू र बुद्ध धर्मबाट बलजफ्ती इस्लाम कबुल गर्न बाध्य भएका हुन् भन्ने भारतीय इतिहासकारहरुको भनाइ छ । ब्रिटिश शासनपूर्व करिब ३०० वर्षसम्म भारतको धेरै भागमा मुस्लिम मुगल शासकहरुले राज्य गरेका थिए । मध्य एसियाको उज्बेकिस्तानका प्रख्यात लडाकु बाबरले अफगनिस्तान हुँदै दक्षिण एसिया आएर १६ औं शताब्दीमा मुगल साम्राज्य स्थापना गरेका थिए । पछिल्लो प्राचीनकालमा दिल्लीका अन्तिम हिन्दू राजा पृथ्वीराज चौहान थिए । यिनलाई हालको अफगानिस्तानका एउटा राज्यको शासक मोहम्मद घोरीले पटक-पटक आक्रमण गरेर परास्त गरी पहिलोपटक दिल्लीमा मुस्लिम राज्यको स्थापना गरेका थिए ।

कतिपय अनुदारवादी मुस्लिम शासकहरुले गैरमुस्लिम नागरिक (जसलाई काफिर पनि भनिन्छ)लाई अधिक कर लगाइदिए । भेदभावपूर्ण व्यवहार गर्न थाले । केही शासकहरु (जस्तै : औरङ्गजेव, हुमायु आदि ) ले मन्दिर, स्तुप, जैन मन्दिर भत्काएर त्यहाँको सुन, चाँदी खजाना लुटेर मस्जिदसमेत बनाए । सोमनाथ मन्दिर ७ पटकसम्म आक्रमणमा परेको थियो । भारतमा प्राचीन सोमनाथ मन्दिर मुगल शासकले भत्काएर नष्ट गरेपछि नेपालका मल्ल राजाले पाटनमा सोमनाथ मन्दिर बनाएको इतिहासमा उल्लेख छ ।

मुस्लिम शासकले इस्लामीकरणमा जोड दिए पनि अकबरले धार्मिक सहिष्णुता कायम राखेका थिए । इस्लाम शासनकालमा भारतमा आधुनिक हतियार निर्माण, कलात्मक भवन, उद्योग, व्यापार जस्ता क्षेत्र फस्टाएको थियो । मुस्लिम शासनकालको बंगाल क्षेत्र आर्थिकरुपले अत्यन्त समृद्ध रहेको भारतीय इतिहासमा उल्लेख भएको पाइन्छ । केही क्रुर मुस्लिम शासकले गैरमुस्लिमको आम नरसंहारसमेत गरेको इतिहासकारहरुको भनाइ छ ।

सन् १२०२ मा हालको बिहारको राजधानी पटनावाट ९० किमी पूर्वतर्फ अवस्थित प्राचीन नालन्दा विश्वविद्यालयलाई तेस्रोपटक आक्रमण गरी दिल्लीका खाल्जीको नेतृत्वमा जलाएर नष्ट गरियो । त्यहाँका केही गैरमुस्लिम, खासगरी हिन्दू, बुद्धिष्ट, जैन, वैष्णव, शिखहरु आफ्नो धर्मको रक्षाको लागि हालको नेपाल प्रवेश गरे । नेपाल आएर कोही तराईमा बसे, कोही पहाडमा । अहिले पनि तराई र पहाडमा एउटै थर, गोत्र, संस्कार र परम्परा भएका मानिसहरु बसेको पाइन्छ । भारत र नेपालमा एउटै जात, गोत्र, धार्मिक संस्कार भएको मानिसहरु पाइन्छन् ।

केही इतिहासकारका अनुसार हालको भारतको मध्यभागमा पर्ने मध्यदेशबाट अवसर र सुरक्षाको खोजीमा नेपाल पसेका मानिसहरुलाई मधेसी भन्न थालियो । ब्रिटिश शासनकालमा हालको मध्यप्रदेशलाइ सेन्ट्रल प्रोभिन्स भनिन्थ्यो । त्यस्तै उत्तर प्रदेशलाई युनाइटेड प्रोभिन्स नामाकरण गरिएको थियो । त्यसैगरी मंगोलियाका सम्राट एवं प्रशिद्ध लडाकु नेता चङ्गेज खान (यिनी पदवी खान भए पनि मुस्लिम नभएर बुद्धिष्ट थिए) ले १३ औं शताब्दीमा ग्रेटवाल क्रस गरेर चीनको धेरैजसो भूभागको साथै तिब्बतको धेरै भूभागहरु कब्जा गरी राज्य गरे । त्यसपछि मंगोलियाबाट चीन तिब्बत हुँदै नेपालमा धेरै मंगोलियन मूलका मानिस प्रवेश गरे । तिनीहरुलाई मंगोल भनियो । चिनीयाँहरु मंगोलियन मूलका मानिसलाई 'मंगु' भन्छन् । तिब्बतको चिसो मरुभूमिभन्दा धेरै रसिलो र उब्जाउयुक्त भएको थाहा पाएर उनीहरु नेपालतर्फ आकर्षित भए ।

केहीलाई तिब्बतमा व्यापार गर्ने नेपाली नेवार व्यापारीहरुले पनि नेपाल ल्याए र काठमाडौं जिल्ला वरपरको चिसो पहाडी भूभागमा बसाए । विस्तारै यिनीहरु फैलिँदै पूर्व र पश्चिमतर्फ पनि गए । नेपालमा मंगोलियन, आर्यन (ककसियन) मूलका जाति एवं तीनवटै रेसको वर्णशंकर (क्रस) जातिको समिश्रण भएको पाइन्छ । दक्षिण एसियामा भएका ३ प्रमुख जातिः मंगोल, आर्यन, द्रविण हुन् । तीमध्ये विशुद्ध द्रविण नेपालमा पाइँदैनन् । द्रविणहरु मुख्यतया दक्षिण भारत र श्रीलंकामा बस्दछन् । केही मलेसिया, सिंगापुर र केही अन्य देशहरुमा पनि गएर बसेको पाइन्छ । वैज्ञानिकहरुका अनुसारको द्रविण जातिको डिएनए अफ्रिकीसँग मिल्छ । तिनीहरु आफूलाई आर्यन र मंगोलभन्दा पहिले हालको भारतमा आएकोले आदिबासी मान्दछन् । आर्यन र द्रविण जातिमध्ये को पहिला भारत आएका हुन् भन्नेमा इतिहासकारहरुमा विवादित छन् । आर्यन जातिको उत्पति मध्यएसियाको ककेसस क्षेत्रमा भएको मानिन्छ । त्यहाँबाट केही मानिसहरु चिसो भूभाग युरोपतर्फ गएर बसे । उनीहरुको छाला गोरो हुन गयो । केही अरब क्षेत्र, अफगानिस्तान, पश्चिम एसिया, पाकिस्तान, नेपाललगायत दक्षिण एसियामा आएर बसे ।

आर्यनको नाक लामो, आँखामाथिको भाग उठेको देखिन्छ । वैदिक प्राचीन कालमा नेपाललाई 'हिमवत खण्ड' भनिन्थ्यो । यसलाई हिमालय पर्वत, ब्रह्मपुत्र नदी, पामिर पर्वत र गंगा नदीले छुट्याएको थियो । गंगा नदी दक्षिणको भूभागलाई भारत खण्ड भनिन्थ्यो । दुवैको सम्पूर्ण क्षेत्रलाई समेटिएको भूभागलाइ भारत वर्ष भनिन्थ्यो । भारत वर्ष युरोपियन युनियन जस्तै करिब उस्तै भाषा, संस्कृति, परम्परा भएका विभिन्न देशहरुको समूह थियो ।

वेद र उपनिषदहरुमा कुनै जात, भेदभाव झल्किने कुराहरुको उल्लेख भएको पाइँदैन । सनातन धर्म कति पुरानो हो भनी कुनै सीमा देखिँदैन । राम ७००० वर्ष पहिले द्वापरयुगमा र कृष्ण ५००० वर्ष पहिले त्रेतायुगमा जन्मेको विश्वास गरिन्छ । इस्लाम धर्म १४०० वर्ष अगाडि साउदी अरेबियाबाट सुरु भएको हो । ख्रिश्चियन धर्म करिब २००० वर्ष अगाडि र बुद्ध धर्म करिब २५६० वर्ष अगाडि सुरु भएको हो । अब को आदिवासी, को अनादिवासी र कुन जाति कहिले, कहाँबाट आए भन्ने सम्बन्धमा विवाद गर्नु जरुरी छैन । विवाद बढाएर निहीत राजनैतिक स्वार्थ पूरा गर्न खोज्ने नेतृत्वभन्दा सामाजिक, जातीय सद्भाव र राष्ट्रिय एकता र अखण्डतामा जोड दिने नेताको खाँचो छ ।

नेपालमा सिंगापुरका नेता लिक्वान यू, मलेसियाका नेता महाथिर मोहम्मद, रुवाण्डाका नेता पाउल कागामे जस्तो राष्ट्रिय एकता, सामाजिक, जातीय र क्षेत्रीय एकतालाई प्रवर्द्धन गरी देशलाई विकासको प्रष्ट खाकासहित समृद्धितर्फ लैजाने दूरदर्शी नेताको खाँचो छ ।

# उपभोक्ताका अधिकार र सवैधानिक व्यवस्था



माधवकुमार खनाल

विश्वभरिका आम मानिस कुनै न कुनै रुपमा वस्तु र सेवाको उपभोग गरिरहेका हुन्छन् । सर्वसाधारणदेखि सरकार, ठूला-साना सबै व्यापारी व्यवसायी, प्रत्येक व्यक्ति र संस्थाहरू वस्तु र सेवा प्रयोग गर्ने समय र परिस्थितिअनुसार उपभोक्ताको तहमा पर्दछन् । उपभोक्ताको हीतका सम्बन्धमा पौराणिक कालदेखि नै केही न केही व्यवस्था भएको पाइन्छ । संविधान दिवस मनाइएको छ । यसै अवसरमा उपभोक्ताको अधिकारका बारेमा सानो कुरा उठाउने कोसिस गरिएको छ ।

उपभोक्ता हितसम्बन्धी नियम कानुनहरु उतिबेला पनि बनाइएको पाइएको छ । विभिन्न धार्मिक ग्रन्थहरू जस्तै मनुस्मृति, याज्ञबल्क्यस्मृति, मुन्धुम तथा अन्य विभिन्न धार्मिक ग्रन्थहरुका आधारमा उपभोक्ता ठग्ने अपराधीलाई दण्ड दिने व्यवस्था गरिएको इतिहासमा पाइएको छ । लिच्छवी कालमा तौल र गुण ठग्ने व्यापारीलाई कारवाही गरिने चलनदेखि राजा जयस्थिती मल्लले नाप तौल, ढक तराजु, तथा जग्गा नाप्ने व्यवस्था हुँदै त्यतिबेलाका गोरखाका राजाराम शाहले मानापाथी-धार्नीबिसौली प्रचलनमा ल्याई नापतौलमा घटीबढी गर्नेलाई सजाय दिने गरेको व्यवस्था यसैका उदाहरण हुन् ।

नेपालको संविधानले उपभोक्ताको हकलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको छ तर यी अधिकार व्यवहारमा आउन समस्या हुने गरेको छ । यसको कार्यान्वयनका लागि जिल्लास्तरीय उपभोक्ता संरक्षण कार्यालय प्रभावकारी हुनुपर्छ । उपभोग्य वस्तुका गुणस्तर, परिमाणलगायतका मापदण्ड परीक्षण गर्न प्रयोगशाला, प्राविधिक लगायतका जनशक्ति तथा स्रोत-साधनको पर्याप्त व्यवस्था जरुरी छ । उपभोक्ता संरक्षण ऐन र यसको नियममा समायानुकूल परिमार्जन आवश्यक छ । धारा ४४ (२) मा 'उपभोक्ताको हक' अन्तर्गत 'गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने' भन्नेसमेत व्यवस्था गरेकाले कुनै गुणस्तरहीन वस्तु वा सेवाको उपभोगबाट हानि पुग्न गई क्षति पुगेमा सो क्षति वापतको क्षतिपूर्ति प्राप्त गर्ने मौलिक हक समेत संविधानमा नै सुरक्षित गरिएको छ । यो हक संविधानमा पहिलोपटक समावेश गरिएको हो ।

नेपालको संविधानमा उपभोक्ताको अधिकारलाई समेत व्यवस्था गरिएको छ । धारा ४४ (२) मा 'उपभोक्ताको हक' अन्तर्गत 'गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने' भन्नेसमेत व्यवस्था गरेकाले कुनै गुणस्तरहीन वस्तु वा सेवाको उपभोगबाट हानि पुग्न गई क्षति पुगेमा सो क्षतिबापतको क्षतिपूर्ति प्राप्त गर्ने मौलिक हकसमेत संविधानमा नै सुरक्षित गरिएको छ । यो हक संविधानमा पहिलोपटक समावेश गरिएको हो । मौलिक हकलाई हकहरूमा सबैभन्दा उच्चकोटिको हकको रूपमा लिइन्छ । मौलिक हक हनन भएको अवस्थामा सिधै सर्वोच्च अदालतमा रिटमार्फत कानुनी उपचार प्राप्त हुने व्यवस्था संविधानमा नै गरिएको हुनाले मौलिक हकलाई यसरी सबैभन्दा उच्चकोटिमा राख्ने गरिएको हो ।

नेपालको संविधानले पनि यसपूर्वका संविधानहरूमा जस्तै मौलिक हकको रक्षा गर्न संवैधानिक उपचारको हक प्रत्याभूत गरेको छ । जसअनुसार धारा १३३ मा व्यवस्था भएबमोजिम संघीय सर्वोच्च अदालत तथा धारा १४४ मा व्यवस्था भए बमोजिम प्रदेश उच्च अदालतमा यो उपचार खोज्ने व्यवस्था छ ।

स्वच्छ वातावरणको हकको हकअन्तर्गत प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक तथा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत क्षतिपूर्ति पाउने हक हुने व्यवस्था धारा ३० मा गरिएको छ । अहिले सबैतिर वातावरण विनाश वा ह्रास तथा प्रदूषण बढ्दो छ । प्रदूषणकर्तालाई जवाफदेही तुल्याई स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मर्यादित तुल्याउन यो व्यवसथा भएपनि अहिलेसम्म व्यवहारिक हुन सकेको छैन । उपधारा (१) मा खाद्यसम्बन्धी हकको कानुनी पक्ष, उपधारा (२) मा खाद्य वस्तुको अभाव हुन नदिने खाद्य सुरक्षा तथा उपधारा (३) मा खाद्य सम्प्रभुतासम्बन्धी हकको व्यवस्था गरिएको छ ।

यसो गरेर खाद्यसम्बन्धी हकको कानुनी, खाद्य सुरक्षाको प्राविधिक तथा खाद्य सम्प्रभुता जस्तो राजनीतिक पक्ष गरी खाद्य हकको तीनै पक्षलाई समेटिएको छ । खाद्य सम्प्रभुता जस्तो राजनीतिक पक्षसमेतलाई मौलिक हकको रूपमा स्वीकार गरी नेपाल खाद्यसम्बन्धी हक प्रत्याभूत गर्ने अग्रणी मुलुक भएको छ । खाद्य सम्प्रभुतासहित नेपालले यसको कानुनी तथा खाद्य सुरक्षासमेतलाई मौलिक हकको रूपमा प्रत्याभूत गरे पनि खाद्य सम्प्रभुताको हकलाई 'कानुनमा व्यवस्था भएबमोजिम' भन्ने वाक्यांश राखेर यस हकलाई कानुनी हकसरहमात्र बनाइएको छ ।

खाद्यसम्बन्धी हकबाहेक अन्य मौलिकहरूको कार्यान्वयनले समेत यो हकको उपभोग गर्ने वातावरण तयार गर्दछन् । त्यसैले जीवनको हक, सामाजिक सुरक्षा तथा सामाजिक न्यायको हक जस्ता मौलिक हकहरूलाई समेत जोडर हेर्दामात्र यो खाद्यसम्बन्धी हकको कार्यान्वयन प्रभावकारी हुन जान्छ । तसर्थ नेपालको संविधानमा धारा १६ मा प्रत्याभूत गरिएको सम्मानपूर्वक बाँच्न पाउने हक उपभोग गर्न पाउनु पनि जरुरी छ । सम्मानपूर्वक या मर्यादापूर्वक नागरिक बाँच्न पाउने अवस्था हुनु भनेको नागरिकका खाद्यसम्बन्धी हक पनि उपभोग गर्ने वातावरणसमेतको प्रत्याभूति भएको अवस्था हो ।

नेपालको संविधानमा सभ्य समाजका स्वीकार गरिएका मानव अधिकारहरूलाई मौलिक हकको रूपमा स्वीकार गर्न व्यापक व्यवस्था गरिएको छ । संविधानको भाग ३ मा धारा १६ देखि ४७ सम्म ३२ धारामा मौलिकहरूको व्यवस्था गरिएको छ । संविधानमा प्रत्याभूत गरिएका यी मौलिक हकहरूमध्ये अपराध पीडितको हक, दलित हकको, ज्येष्ठ नागरिकको हक र उपभोक्ताको हक रहेका छन् भने खाद्यसम्बन्धी हकलाई थप व्यापक तुल्याइएको छ । संविधानमा नागरिक तथा राजनीतिक प्रकृतिका हकहरू जस्तो कि नागरिक स्वतन्त्रता, न्यायिक उपचारको हकदेखि लिएर निबारक नजरबन्दविरुद्धको हक, फौजदारी न्यायको हक, यातनाविरुद्धको हकहरूको व्यवस्था गरिएको छ भने आर्थिक सामाजिक प्रकृतिका शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरणको हकको समेत व्यवस्था गरिएको छ ।

*(लेखक उपभोक्ता हित संरक्षण मञ्च सैनामैनामा आबद्ध छन् ।)*

# लागुऔषध विदेश निर्यात गर्ने नौ जना पक्राउ

काठमाडौँ, असोज ६ । नेपाल प्रहरीले लागुऔषध चरेस विदेश निर्यात गर्ने नौ जनालाई पक्राउ गरेको छ। प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरले लागुऔषध विदेश निर्यात गर्ने गिरोहलाई चरेस, चरेस लुकाउन प्रयोग गरिने हेन्डीक्राफ्टका सामानसहित पक्राउ गरेको हो । पक्राउ पर्नेमा म्याग्दीका ३६ वर्षीय श्यामप्रसाद रोका, ३५ वर्षीय वीरबहादुर रोकामगर, ४४ वर्षीय दिलबहादुर रोका, धादिङका ३३ वर्षीय अनिलबहादुर घले, २८ वर्षीय सुनबहादुर गुरुङ, २८ वर्षीय जितबहादुर तामाङ, ३६ वर्षीय कृष्णबहादुर तामाङ, नुवाकोटका ५२ वर्षीय सेसे भन्ने उर्पा तामाङ र ३४ वर्षीय वीरबहादुर तामाङ रहेका छन् ।

कतार एयरवेजबाट भदौ २१ गते बिहान दोहा जान लागेका श्यामप्रसाद रोका र वीरबहादुर रोकामगरलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षबाट चार किलोग्राम ३५ ग्राम लागुऔषध चरेससहित पक्राउ गरी प्रारम्भिक अनुसन्धानका क्रममा उक्त कारोबारमा संलग्न दिलबहादुर रोका, अनिलबहादुर घले, सुनबहादुर गुरुङ, जितबहादुर तामाङ र कृष्णबहादुर तामाङ समेतलाई पक्राउ गरेको ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिए।

साथै कतार पठाउन चरेस दिने उर्पा तामाङलाई काठमाडौँ सामाखुशीबाट पक्राउ गरी उनको कोठाबाट २३ थान हेन्डीक्राफ्ट र १६ थान डायरीमा लुकाई विदेश पठाउन तयारी राखेको चरेस तीन किलोग्राम ५७९ ग्राम, चरेसको पाता बनाउनको लागि प्रयोग गरिने औजारलगायतका सामानसमेत बरामद गरी उनीसँग चरेसको कारोबारमा संलग्न वीरबहादुर तामाङलाई भदौ ३० गते नुवाकोट विदुर नगरपालिका-९ बाट पक्राउ गरिएको ब्यूरोले जनाएको छ।

उर्पा तामाङ र वीरबहादुर तामाङले भारतीय नागरिकको संलग्नतामा भारत हुँदै हङकङ, थाइल्याण्ड, टर्कीलगायतका देशमा चरेस निकासी गर्दै आएको र पछिल्लो समय लागुऔषध मेथामफेटामाइनको धन्दासमेत गर्ने तयारी गरिरहेको तथा उर्पा तामाङ विसं २०५४ मा लागुऔषध हेरोइनसहित पक्राउ परी १९ वर्ष जेल सजाय भुक्तान गरी विसं २०७३ मा रिहा भएको प्रहरीले जनाएको छ । पक्राउ परेका उनीहरुलाई लागुऔषध मुद्दामा म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता श्रेष्ठले बताए।


## २३ औं साधारणसभा सम्बन्धी सूचना

कोभिड–१९ को असहज अवस्थामा एकै दिन सम्पूर्ण शेयर सदस्यहरुलाई उपस्थित गराइ साधारणसभा गर्न सम्भव नभएको हुदा सहकारी विभागको निर्देशन बमोजिम यस संस्थाको २३औं साधारणसभाको लागि मिति २०७८।५।२० देखि २०७८।६।२१ सम्म साधारणसभा संचालन अवधि कायम गरि २०७८।६।२२ का दिन समापन गरिने भएको हुदा २०७८।५।२० देखि २०७८।६।२१ सम्म उपस्थित भई यातायात खर्च भुक्तानी लिनुहुन र राय सुझाव दिनुहुन सम्पूर्ण शेयर सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

ध्रुवकुमार धिताल
अध्यक्ष
**इन्द्रेणी बहुउद्धेश्य सहकारी संस्था लि.**
बुटवल–८, धर्मपथ, रुपन्देही



## विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरहुरिया, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

### लेखापरीक्षक सूचिकृत हुने सम्बन्धी सूचना

प्रकाशित मितिः–२०७८।०६।०७

यस विजयनगर गाउपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालय र स्वास्थ्य संस्थाहरुको अद्यावधिक विवरण तयार गरी आ.व. २०७७।०७८ सम्मको लेखा परिक्षण गर्ने प्रयोजनका लागि नेपाल चार्टर्ड एकाउण्ट संस्थामा दर्ता रही नियमित रुपमा नविकरण भइरहेका र प्रचलित नियमानुसार कर चुक्ता लगायतका कानून र मापदण्ड पुरा गरेकाइच्छुक व्यक्ति तथा फर्महरुलाई तपसिलका कागजात संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस कार्यालयमा निवेदन पेश गर्नुहुन सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

- लेखापरीक्षण ईजाजत प्रमाण–पत्रको प्रतिलिपि ।
- आ.व. २०७७।०७८ सम्मको लाइसेन्स नविकरण भएकोप्रमाणपत्रकोप्रतिलिपि ।
- आ.व. २०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- स्थायी लेखा/कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थाको आ.व. २०७८।०७९ को लेखा व्यवसायी नविकरणको निस्सा ।

नोटः निवेदकले आवश्यक कागजात Scan गरी यस कार्यालयको ईमेल ठेगाना info@bijaynagarmun.gov.np वा bijaynagar.mun@gmail.com मार्फत पेश गरी सूचिकृत हुन सक्ने छन् ।

प्रमुख प्रशासकीय अधिकृत



## प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

सुचना प्रकाशित मितिः– २०७८/०६/०७

प्रतापपुर गाउ कार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.प.) को मिति २०७८/०३/१३ गते "बुटवल टुडे" पत्रिकामा प्रकाशित सुचना अनुसार तोकिएको मिति र समयभित्र e–GP (Single Stage Two envelop) system मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम मुल्यांकन तथा परिक्षण गर्दा सारभुत रुपमा प्रभावग्राही तपशिलमा उल्लेखित बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावको मूल्यांकनमा सारभुत रुपमा प्रभावग्राही ठहरी सफल देखिएका निम्न अनुसारका बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मिती २०७८ असोज १४ गते बिहिबार (20 Sept 2021) का दिन दिनको ठिक १:०० (एक) बजे यस कार्यालयमा खोल्ने कार्यक्रम रहेकोले ऐ नियमावलीको नियम ३१ ङ (५) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | योजनाको नाम | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको नाम र ठेगाना |
|---|---|---|
| PRM/BLDG/NCB/41–077–78 | Construction Of Hospital Building (5–Bed) at PRM–08, Piparpati. | Pradip The Cosmic JV, Rupandehi |
| | | Kaligandaki Nirman Sewa, Rupandehi |
| | | Prakritik–Sameer JV, Siddharthanagar–09, Rupandehi |
| | | Rabina–Abisa–Beacon JV, Kathmandu |
| | | New Draigon/Orbit Engineering JV, Kathmandu |

प्रमुख प्रशासकीय अधिकृत



## तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

### दरभाउपत्र आव्हान सम्बन्धि सूचना

सूचना नं.: ०६/०७८/०७९ खरिद

प्रथम पटक प्रकाशित मितिः २०७८।०६।७

यस नगरपालिकाबाट चालु आ.ब. ०७७। ०७८ का लागि स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको खरिद कार्य सिलबन्दी दरभाउपत्र द्धारा गराउनुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्म/सप्लायर्सबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सुचना प्रकाशित गरीएको छ ।

**शर्तहरु :–**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) एन.आई.सी. एसिया बैंक मणिग्राम शाखा स्थित 1052055499599012 मा जम्मा गरि फर्म/सप्लायर्स ले ब्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्ध्रौं) दिन मिति २०७८।६।२२ गते कार्यालय समयसम्म पशु बिकास शाखाबाट फारम खरिद गर्न सकिनेछ ।
२. खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बोलपत्रको १६ (सोहौं) दिन मिति २०७८।६।२४ दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्र मिति २०७८।६।२४ दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्न कुनै बाधा पर्ने छैन ।
३. दरभाउपत्र पेश गर्दा तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैंक मणिग्राम शाखा स्थित धरौटी खाता नं. A5CA549959952403 मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ ।
४. दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाउमा दस्तखत र छाप भएको हुनु पर्ने छ ।
५. समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।
६. दरभाउपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
७. दरभाउपत्र दर्ता गर्नु अगावै सम्बन्धित आबश्यक जानकारी लिन सकिने छ ।
८. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।
९. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर समेत) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ३/०७८/०७९ (खरिद) | बर्सिम घास बिउ खरिद तथा वडागत ढुवानी कार्य | १३,९९,७७६. | ३५०००. | १०००. |

प्रमुख प्रशासकीय अधिकृत



## लुम्बिनी सांस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

### विज्ञापन करको ठेक्का लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।०६।०७

यस नगरपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम यस नगरपालिका क्षेत्रभित्र विज्ञापन करको ठेक्का लगाउन आर्थिक वर्ष २०७८।०७९ को लागि वि.स. २०७८ सालदेखि २०८० असार मसान्तसम्म ३ वर्षको अवधिका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलका शर्तको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाका लागि यो सूचना आव्हान गरिन्छ ।

**ठेक्काको विवरण** : नगरपालिकाको विज्ञापन कर लगाउने सम्बन्धी ठेक्का ।

**ठेक्काको नाम** : लुम्बिनी सांस्कृतिक नगरपालिका क्षेत्रभित्रको लागि विज्ञापन कर ।

| आय ठेक्का नं. | न्यूनतम कवोल अंक (भ्याट बाहेक) रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|
| १/२०७८/०७९ | १००,०००। | १००० फिर्ता नहुने गरी |

१. ठेक्का अवधि सम्झौता भएको मितिले २०८० साल असार मसान्तसम्म रहनेछ ।
२. ठेक्का अवधिको न्यूनतम अंक प्रति वर्ष मुल्य अभिवृद्धि कर बाहेक रु. १००,०००। (एक लाखमात्र) रहनेछ । र प्रत्येक बर्षमा कबोल अंकको थप १० प्रतिशत रकम यस नगरपालिकामा जम्मा गर्नुपर्नेछ ।
३. ठेक्काको दरभाउपत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा कृषि विकास बैंक, लुम्विनी शाखामा यस कार्यालयको हि.नं आन्तरिक राजश्व खाता नं. ०४१४९०११४६११००७९ मा जम्मा गरेको बैंक भौचर, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयवाट खरिद गर्न सकिनेछ । साथै एउटा फर्म वा व्यक्तिको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नामबाट पेश गर्न पाइने छैन ।
४. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३% (प्रतिशत) राजश्व ठेक्का लिने व्यक्ति, फर्म र संस्थाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
५. ठेक्काको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरिद गरी १६ औं दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० बजे दरभाउपत्र खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्न, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
६. न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
७. दरभाउपत्र दिदा आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैंक लुम्विनी शाखामा रहेको धरौटी खाता हि.नं. ०४१४९०११४५७३३०१३ मा जम्मा गरी सोको सक्कल भौचर वा बैंकले जारी गरेको सो रकम बरावरको बैंक जमानत दरभाउपत्र साथ राखि यस कार्यालयमा बुझाउनु पर्नेछ ।
८. सिलवन्दी दरभाउपत्र पेश गर्दा नगद रकम राखि सिलवन्दी गरेको पाइएमा त्यस्तो दरभाउपत्र स्वतः रद्ध हुनेछ ।
९. दरभाउपत्रदाताले खाम बाहिर पट्टी ठेक्का नम्वर र ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ ।
१०. कवोल रकम अंक र अक्षरमा स्पष्ट गरि तोकिएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
११. दरभाउपत्र दर्ता गराई सकेपछि संशोधन गर्न पाइने छैन ।
१२. कुनै व्यक्ति, फर्म वा संस्थाले आफनो नामवाट एउटा मात्र दरभाउपत्र खरिद गर्न सक्नेछ ।
१३. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिनेछ ।
१४. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा पहिलो वर्षको रकम एकमुस्ट बुझाएपछि मात्र पहिलो वर्षलाइ सम्झौता गरिनेछ। पछिल्लो २ बर्षलाई थप १० प्रतिशत थप गरी सोही अनुसार सम्झौता नविकरण गरिनेछ ।
१५. ठेक्कामा कुनै विवाद आएमा लुम्विनी सांस्कृतिक नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।
१६. ठेक्का कवोल गर्ने ठेकेदारले लुम्विनी सांस्कृतिक नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफनो तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणीत नगरेको रसिदबाट कर उठाएको पाइएमा नियामानुसार कारवाही हुनेछ।
१७. विज्ञापन करका दरहरु देहाय बमोजिमको रहेको छ ।

| क्र.सं. | विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रति वर्ग फीट | १००।– | |
| २ | मादक पदार्थ एवम धुम्रपानको थप ३५ प्रतिशत प्रति वर्ग फीट | | |

१८. नगरपालिका क्षेत्रभित्र आफनो पसल, व्यवसाय र उद्योगको अगाडि आ–आफनो व्यवसायको चिनारीको लागि बाहेकका स्थानहरुमा होर्डिङ बोर्ड, साइन बोर्ड, फलेक्स बोर्ड, डिजिटल बोर्ड, ग्लोबोर्ड, बिधुतिय बोड, भित्ते लेखन र सटर पेन्टिङ जस्ता विज्ञापन सामाग्रीहरु राखेमा उक्त दररेटमा बार्षिक विज्ञापन कर लिन पाइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



## आवश्यकता

यस श्री मर्चवारी आधारभूत विद्यालय मर्चवारी–५ लाई मर्चवारी गाउपालिकाको कार्यालय रायपुर रुपन्देहीको च.नं. ४०१ को मिति २०७८।६।५ को पत्रानुसार त्यस विद्यालयको माग अनुसार प्राप्त गापा शिक्षक कोटा तथा विद्यालय कर्मचारी पदपुर्ति गर्न अनुमति प्राप्त भएको हुदा विद्यालयको वि.व्य.स.को मिति २०७८।६।६ को निर्णय अनुसार र विद्यालयको मिति २०७८।६।५ को पत्रानुसार तपसिलका शिक्षक/विद्यालय कर्मचारी पदपुर्ति गर्नका लागि शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम २४ को (३) र (४) बमोजिमका शिक्षा नियमावली २०५७ को नियम ९६ का र नियम ९७ बमोजिम १५ दिनभित्र निवेदन दिनुहुन उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई दरखास्त आव्हान गरिन्छ ।

**विज्ञापन नं.: १/२०७८/०७९**
- **तह/विषयः नि.मा./अंग्रेजी**
- **किसिम**: गा.पा. शिक्षक
- **पद संख्या**: १ जना (एक) ।
- **दरखास्त दस्तुर**: रु. १५००।–

**विज्ञापन नं.: २/२०७८/०७९**
- **तह/विषयः कार्यालय सहयोगी**
- **किसिम**: गा.पा.
- **पद संख्या**: १ जना (एक) ।
- **दरखास्त दस्तुर**: रु. ७००।–

**नि.मा.अंग्रेजी शिक्षकको लागि आवश्यक कागजातहरूः**
- आई.एड. वा सो सरह उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपि–१ ।
- स्थायी अध्यापन अनुमतिपत्र नि.मा.वि.को प्रतिलिपि–१ ।
- **नियुक्तिको किसिम**: गापा करार ।

**कार्यालय सहयोगीको लागि आवश्यक कागजातहरूः**
- कक्षा ८ उत्तीर्ण गरेको ।
- **नियुक्तिको किसिम**: करार ।

**दुवै पदका लागिः**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि–१ ।
- **उमेर**: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- निरोगिता प्रमाणपत्रको सक्कल कागजात ।
- **तलब भत्ता**: गापाको निर्णयानुसार हुनेछ ।
- **दरखास्त दिने अन्तिम मिति**: २०७८।६।७ देखि २०७८।६।२२ गतेसम्म ।
- **सम्पर्क मिति**: २०७८।६।२३ गते ।
- **परिक्षा मिति**: सम्पर्क मितिको दिन तोकिनेछ ।
- **परीक्षाको किसिम**: लिखित र मौखिक ।

राधेश्याम यादव (प्रधानाध्यापक)
**श्री मर्चवारी आधारभूत विद्यालय, मर्चवारी**
मर्चवारी गापा–५, ओडवलिया, रुपन्देही, फोनः ९८१७४४६२६२, ९८६७२२३२०८



## बेष्ट फाईनान्स कं. लिमिटेड
अमरपथ शाखा कार्यालय, बुटवल

### निक्षेप उपरको हकदावी सम्बन्धि सूचना

बुटवल उपमहानगरपालिका बडा नं. १०, कालिकानगर बस्ने श्री दुर्गा बहादुर मल्लको नाती श्री गणेश बहादुर मल्लको छोरा श्री पुरन बहादुर मल्लको यहि मिति २०७८।०४।०४ गतेको दिन मृत्यु भएकोले निज पुरन बहादुर मल्लको नाममा रहेको बचत खाताको रकम भुक्तानी पाउं भनी हकदावीको लागि निज मृतकको श्रीमती हकवाला चित्र कुमारी मल्ल ठकुरीले यस कम्पनीमा मिति २०७८।०६।०४ मा निबेदन दिएको हुदा निज खातावालाको नाममा यस फाईनान्समा रहेको रकममा अरु कसैको हकदावी लाग्ने भए बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सुचना प्रकाशित मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ–आफ्नो सबुत प्रमाण सहित यस फाईनान्सको शाखा कार्यालय अमरपथ, बुटवलमा हकदावी गर्न आउनुहोला । सो म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निबेदकको माग बमोजिम भइजाने हुदा यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सुचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सुचित गरिएको छ ।



## समस्या अनेक ? उपचार केन्द्र एक !
नेपाल सरकारद्धारा मान्यता प्राप्त बुटवलको एकमात्र आयुर्वेद क्लिनिक

**यौन**: सबै किसिमका शारीरिक, मानसिक, यौन दुर्बलता, धातु रोग, गुप्तरोग, स्पनदोष र पुरुष–स्त्री दुवैका कारणबाट हुने 'निः सन्तानपन यौनाङ्को विकास महिनावारीमा गडबडी, सेतोपानी आउने, गन्नाउने आदि (पूर्ण गोप्तताका साथ)

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, चाया, अनावश्यक कोठी वा फोकाहरू अनुहारका चाउरीपन दुवी, सेतोदुवी, मोटोपन, दुब्लोपन, शारीरिक बनौट तथा ऊचाई (निश्चित उमेरमा)

**पाइल्स, फिस्टुला र फिसरको क्षारशुत्र विधिद्वारा बिना अपरेशन सफल उपचार**

**कुलत**: जाँड, रक्सी, लागू पदार्थको सेवन तथा इन्जेक्सन जस्ता कुलतहरूको परामर्श तथा पूर्ण उपचार ।

**मानसिक**: निराशा, उदासिनता, मानसिक डर, भय, दिमागको बोझोपन निद्रा नलाग्नु आदि ।

**बिना अपरेशन**: पत्थरी, हाइड्रोसिल, हर्निया, अल्काई आदि ।


**दीर्घ रोग**: डायबिटिज (सुगर), बाथ, दम, पिनास, जण्डीस, ब्लड प्रेसर, एलर्जी, कपालको चाया तथा ग्यास्ट्रिक र अल्सरको सजिलो उपचारको लागि काठमाडौंबाट आउनु भएका विशेषज्ञ डा. हरुलाई भेटी स्वास्थ लाभ लिन्होस् ।

सम्पर्कः **माता मनकामना आरोग्य केन्द्र**
बुटवल–१०, (ॐ मिष्ठान्न भण्डारको दोस्रो तल्ला, राजमार्ग चौराहा चोकदेखि १०० मिटर उत्तरतर्फ), फोनः ०७१–५४८८९३, ९८४७३५२१२७



## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।




मार्का

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।